**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०२ अप्रेल २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**मुख्य समाचार**

- केन्द्रिय गृहमंत्री अमित शाहको रोड़ शो पछि विपक्षी नेता तथा भाजपा उम्मेद्वार शुभेन्दु अधिकारीले कोलकाताको भवानीपुर सीटबाट नाामकंन पत्र भरे।

- पश्चिम बंगालको दोस्रो चरणको मतदानका लागि आज अधिसूचना जारी गरिएको छ। यसको साथै १४२ सीटबाट नामाकंन प्रक्रिया शुरू भएको छ।

- एसआर प्रक्रियाका लागि खट्टाईएको सात जना न्यायिक अधिकारीहरूलाई घण्टौं सम्म बन्धक बनाईएको घटनाको सीबीआई अथवा एनआईए द्वारा अनुसंधानको आदेश दिने अनि न्यायिक अधिकारीहरूको सुरक्षा सुनिश्चित गर्ने निर्देश दिएको छ।

- चुनाव अघाड़ी ठूलो कारवाही गर्दै प्रर्वतन निदेशालय ईडीले कोलकातामा कैयंन स्थानहरूमा छापामारी गरी एक करोड़ भन्दा बढ़ी नगद राशि र हतियारहरू बरामद गरेको छ।

- आज बीपीपीएम, टिएमसी र आइजीजेएफ का कैयंन उम्मेक्षरहरूले नामाकंन पत्र भरे।

- आज हर्ष उल्लासका साथ हनुमान जयन्ती पालन गरियो।

**शाह - कोलकाता रोड शो**

वरिष्ठ भाजपा नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले आज पश्चिम बंगालमा परिवर्तनको आह्वान गर्नु भयो। शाह भवानीपुर विधानसभा सिटका लागि पार्टीका उम्मेदवार शुभेन्दु अधिकारीको समर्थनमा र रासबिहारी, बालीगंज र चौरंगी विधानसभा क्षेत्रका भाजपा उम्मेदवारहरूको समर्थनमा कोलकातामा आयोजित रोड शोमा सामेल हुनुभएको थियो।

***रोड शोमा भेला भएका मानिसहरुलाई सम्बोधन गर्नु हुँदै श्री शाहले भन्नु भयो भ्रष्टाचार, महिला सुरक्षाको अभाव, घुसपैठ र त्यसपछिको जनसांख्यिकीय परिवर्तनका कारण पश्चिम बंगालका जनताको जीवन समस्यामा परेको बताउनु भयो। उहाँले बंगालका जनतालाई निर्भयतापूर्वक मतदान गर्ने आग्रह गर्नु भयो। यसैबीच, पश्चिम बंगालका विपक्षी नेता शुभेन्दु अधिकारीले रासबिहारी, बालीगंज र चौरंगीका भाजपा उम्मेदवारहरूसँगै आज आफ्नो मनोनयन दर्ता गर्नु भयो। १४२ सिटका लागि दोस्रो चरणको विधानसभा चुनावको लागि अधिसूचना आज प्रकाशित भयो। यस चरणको लागि मनोनयन दर्ता गर्ने अन्तिम मिति ९ अप्रेल हो र मतदान २९ अप्रेलमा हुने तय भएको छ। पहिलो चरणको मतदानको लागि मनोनयन दर्ता प्रक्रिया ३० मार्चमा सुरु भयो। पहिलो चरणको लागि अन्तिम मिति ६ अप्रेल हो, र २३ अप्रेलमा कुल १५२ विधानसभा निर्वाचन क्षेत्रमा मतदान हुनेछ।***

**संशो. सर्वोच्च न्यायालय – पश्चिम बंगाल**

पश्चिम बंगालको मालदा जिल्लामा मतदाता सूचीको विशेष गहन पुनरीक्षण (SIR) प्रक्रियामा संलग्न सात न्यायिक अधिकारीहरूलाई बन्धक बनाइएको घटनाको बारेमा ध्यानाकर्षण गर्दै, सर्वोच्च न्यायालयले घटनालाई निन्दनीय बताएको छ। घटनालाई अत्यंत सुनियोजित वर्णन गर्दै, सर्वोच्च न्यायालयले निर्वाचन आयोगलाई CBI अथवा NIA द्वारा अनुसन्धानको आदेश दिन र न्यायिक अधिकारीहरूको सुरक्षा र सुनिश्चित गर्न निर्देशन दिएको छ। आवश्यक परेमा, केन्द्रीय सशस्त्र बलहरू पनि

यस क्षेत्रमा तैनाथ गर्न सकिन्छ। मुख्य न्यायाधीश सूर्य कान्तले भन्नु भयो कलकत्ता उच्च न्यायालयका मुख्य न्यायाधीश सुजय पलले उहाँलाई यस विषयमा अवगत गराउनु भएको थियो। यो जानकारी प्राप्त गरे तापनि, मुख्य सचिव, गृह सचिव, पुलिस महानिदेशक र स्थानीय पुलिस अधीक्षकको आचरण अत्यन्तै निराशाजनक पाइएको छ। मुख्य न्यायाधीशले न्यायाधीशहरूलाई धम्काउने अथवा उनीहरूको कर्तव्य निर्वाहमा अवरोध गर्ने कुनै पनि प्रयासलाई सह्य नहुने बताउनु भयो। पीठले राज्य सरकारको निष्क्रियता अत्यन्तै निन्दनीय रहेको बताएको छ। न्यायालयले यो घटना अधिकारीहरूको मनोबल कमजोर पार्न र राज्य भित्र चलिरहेको चुनावी प्रक्रियालाई बाधा पुऱ्याउने उद्देश्यले गरिएको एक सुनियोजित षड्यन्त्र जस्तो देखिएको बतायो। मुख्य न्यायाधीशले मालदामा केही व्यक्तिहरूले तीन महिला सहित सात न्यायिक अधिकारीहरूलाई बन्धक बनाएको बताउनु भयो।

सर्वोच्च न्यायालयले गृह सचिव, राज्य पुलिस महानिदेशक, जिलाधिकारी र अन्य सबै पुलिस अधिकारीहरूलाई निर्देशन जारी गऱ्यो, जसमा भनिएको थियो कि - आवेदन दायर गर्दा अथवा SIR प्रक्रियासँग सम्बन्धित सुनुवाइको समयमा - एक पल्टमा अधिकतम दुई अथवा तीन व्यक्तिमा प्रवेश प्रतिबन्धित हुनेछ, र सम्बन्धित जिल्ला कार्यालयको परिसरमा पाँच भन्दा बढी व्यक्तिहरू भेला हुन अनुमति दिइने छैन।कलकत्ता उच्च न्यायालयका मुख्य न्यायाधीशबाट प्राप्त पत्रको जवाफमा, न्यायालयले यस विषयमा राज्य गृह सचिव, पुलिस महानिदेशक र अन्य अधिकारीहरूबाट स्पष्टीकरण पनि माग गरेको छ। यी सबै अधिकारीहरूलाई ६ अप्रेलमा अपराह्न ४ बजी न्यायालयमा भर्चुअल रूपमा उपस्थित हुन आदेश दिइएको छ।

**<u>ममता-भाजपा आक्रमण</u>**

पश्चिम बंगाल विधानसभा चुनावको प्रचार अभियानको क्रममा, तृणमूल कांग्रेस प्रमुख तथा मुख्यमन्त्री ममता ब्यानर्जीले आज मुर्शिदाबाद जिल्लाको सुतीमा आयोजित एक सार्वजनिक ऱ्यालीमा भारतीय जनता पार्टी (भाजपा) माथि कडा आक्रमण गर्नु भएको छ। उहाँले केन्द्रीय गृहमन्त्री अमित शाहलाई मालदामा भएको हिंसाको सम्बन्धमा षड्यन्त्र रचेको आरोप लगाउनु भयो र मतदाताहरूलाई शान्ति कायम राख्न अपील गर्नु भयो। तृणमूल कांग्रेसका उम्मेदवार इमानी विश्वासको समर्थनमा आयोजित ऱ्यालीलाई सम्बोधन गर्नु हुँदै मुख्य मन्त्रिले भन्नु भयो भाजपाले चुनाव जित्न बल प्रयोग गर्ने मनसाय राखेको छ, तर राज्यका जनताले यो हुन दिने छैनन्। उहाँले जनतालाई कुनै पनि प्रकारको हिंसा अथवा उत्तेजनाको शिकार नहुन आग्रह गर्नु भयो। मुख्यमन्त्रीले मालदामा हालैका घटनाहरूलाई उल्लेख गर्दै, उहाँको पार्टी हिंसाको लागि जिम्मेवार नरहेको र यसको पछाडि राजनीतिक षड्यन्त्र रहेको बताउनु भयो। मुख्यमन्त्रिले चुनाव अगाडि राजनीतिक दबाब दिने प्रयासहरू प्रवर्तन एजेन्सीहरूद्वारा कारबाही र मतदाता सूचीहरूको विशेष गहन पुनारिक्षण (SIR) जस्ता उपायहरू मार्फत भइरहेको आरोप लगाउनु भयो। उहाँले भन्नु भयो भवानीपुर निर्वाचन क्षेत्रका लगभग ४० हजार मतदाताहरूको नाम पनि सूचीबाट हटाइएको छ - जसमा अल्पसंख्यक र महिलाहरूको नाम उल्लेखनीय संख्यामा समावेश छ।

**<u>ईडी</u>**

विधानसभा चुनाउपूर्व प्रवर्तन निदेशालय (ईडी)-ले कोलकाताका विभिन्न क्षेत्रहरूमा छापा मारेर एक कड़ोर रुपियाँभन्दा अधिक नगद राशि तथा हतियार जफत गरेको छ। अधिकारीहरूले बिहीवार आज यस आशयको जानकारी दिएका हुन्। जाँच एजेन्सी अनुसार बेहाला क्षेत्रस्थित एक कम्पनीसित जोड़िएका अधिकारीको घरबाट लगभग 1 कड़ोर 20 रुपियाँ नगद जफत गरियो। यस अतिरिक्त कसबास्थित एक व्यवसायीको आवासमा गरिएको खोजी अभियानमा हतियार पनि जफत गरियो। सूत्र अनुसार ईडीको टीमले बुधवार बिहानदेखि नै दक्षिण कोलकाताको कासबा र बालीगञ्ज क्षेत्रका कथित सिण्डिकेट गतिविधिसित जोड़िएका एक व्यक्ति संग सम्बन्धित केही ठेगानाहरूमा एकसाथ छापामारी गऱ्यो। यस अतिरिक्त बालीगञ्जस्थित एकजना ठेकादारको कार्यालय र बेहालास्थित एक घरबाट नगद राशि जफत गरियो। ईडी अधिकारीहरूले जाँचमा एउटा हतियार भेटिएको पुष्टि गरेका छन् भने यस विषयमा विस्तृत जानकारी अहिले सार्वजनिक गरिएको छैन। सूत्रहरुले दक्षिण कोलकाताका एकजना तृणमूल कंग्रेस नेताको यस मामिलामा संलग्नता रहेको बताएका छन्। यद्यपि यस मामिलामा कुनै प्रत्यक्ष सम्बन्ध रहेको आधिकारिक पुष्टि भएको छैन।

**<u>खरसाङ भाजपा प्रार्थी नामांकन पत्र</u>**

खरसाङ विधानसभा समष्टिको लागि भारतीय जनता पार्टीको उम्मेद्वार सोनाम लामाले नामांकन पत्र बुझाउनु भएको छ। उहाँको पक्षमा भारतीय जनता पार्टीले आज खरसाङमा एक रैलीको आयोजना गरेको छ। रैली खरसाङको बस टर्मिनलदेखि शुरु भएर हिल कार्ट रोड हुँदै खरसाङ बजार परिक्रमा गरेको थियो। यो रैली खरसाङको मोटर स्ट्याण्डमा आएर चुनावी सभामा परिवर्तन भएको थियो। चुनावी सभालाई भारतीय जनता पार्टी दार्जीलिङ जिल्ला अध्यक्ष सन्जीव लामाले सञ्चालन गर्नु भएको थियो भने सभालाई गोर्खा जनमुक्ति मोर्चाको केन्द्रीय संस्थापक अध्यक्ष बिमल गुरुङ र दार्जिलिङका सांसद राजु विष्टले सम्बोधन गर्नु भएको थियो। यस चुनावी सभापछि भारतीय जनता पार्टीको उम्मेद्वार सोनाम लामाको साथमा रैली पंखाबारी रोड हुँदै खरसाङ महकुमा शासकको कार्यालयमा पुगेको थियो। भाजपा प्रार्थी सोनाम लामाको पक्षमा आयोजित रैलीमा गोजमुमो अध्यक्ष बिमल गुरुङ, दार्जिलिङका सांसद राजु विष्ट साथै भारतीय जनता पार्टी र गोर्खा जनमुक्ति मोर्चाको समर्थकहरु उपस्थित रहेको थियो। भाजपा प्रार्थीले नामांकन पत्र बुझाए पछि यस विषयमा पत्रकारहरुसित कुराकानी गर्दै सांसद राजु विष्टले आगामी 5 मईको दिन बंगालमा भाजपाको सरकार बने पछि जीटीए खारेज गरिने बताउनु भयो। उहाँले पहाडमा भईरहेको भष्टाचार विषयमा छानबीन गर्न आयोग गठन गरिने बताउनु भयो| एसआईआर विषयमा विपक्षीले केवल प्रोपोगान्डा बनाएको र रोडमा आएर कराउनुभन्दा सठीक ठाउँमा गएर रिपोर्ट गर्नु पर्ने पनि श्री बिष्टले बताउनु भयो।

**हनुमान जयन्ती**

दार्जिलिङ पहाड़ , तराई डुर्वस लगायत राज्यभरी भवय रूपले धार्मिक हर्ष उल्लास तथा भक्तिभावका साथ श्री हुनूान जयन्ती पालन गरियो। यस अवसरमा डुर्वसमा , सिलगड़ीमा र दार्जीलिङमा भव्य शोभायात्राहरू निकालिएको थियो। दार्जीलिङको महाकाल मन्दिर, खरसांगकोहनुमान डाँड़ा सहित श्री राम मन्दिर , सिंगेल कोठीधुरा, कालेबुङको ठाकूरबाड़ी, सेवासदन , मिरिक आदि स्थानहरूमा हुनमान जयन्ती पालन गरियो। सिलगड़ीका मेयर गौतम देवले सेवक रोड स्थित हनुमान मन्दिरमा श्री हनुमान जीको मुर्ति स्थापित गर्नुभयो। अयोध्या धामको विश्व प्रससिद्ध हुनमान गड़ी मन्दिरमा आज एका बिहानदेखि लाखौ भक्तहरूको भीड़ ओर्लेका थिए। उपराष्ट्रपति सी.पी राधाकृषणन, प्रधानमंत्री नरेन्द्र मोदी, राज्यकी मुख्यमंत्री ममता व्यानर्जीले श्री हनुमान जयन्तीको बधाई दिनुभएको छ।नेपाल तथा भूटानमा पनि भवय रूपमा हनुमान जयन्ती पालन गरिएको समाचार प्राप्त भएको छ।

**भागोप्रमो दार्जिलिङ उम्मेदवार**

दार्जिलिङ क्षेत्रका भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको पार्टीका उम्मेदवार बिजय कुमार राईले आगामी पश्चिम बंगाल विधान सभा चुनावको लागि दार्जिलिङ जिल्लापाल कार्यालयमा आफ्नो उम्मेदवारी दर्ता गर्नु भएको छ। उहाँलाई पार्टीका अध्यक्ष तथा जी टी ए -का प्रमुख कार्यकारी अनित थापासहित अन्य पार्टी नेताहरू, कार्यकर्ता र ठूलो संख्यामा समर्थकहरूले साथ दिएका थिए। श्री राईको नामांकन यात्राको सुरुवात महाकाल मन्दिर दर्शनबाट भएको थियो। त्यसपछि उहाँले चौरास्तामा सर्वसाधारणलाई सम्बोधन गर्नु भएको थियो। श्री राई लाडेनला रोड हुँदै जिल्लापाल कार्यालयतर्फ समर्थकहरूको उत्साहजनक सहभागिताका साथ पुगेर आफ्नो नामांकन दर्ता गर्नु भयो। श्री राईले पत्रकारहरुलाई सम्बोधन गर्नु हुँदै पछिल्ला वर्षहरूमा वास्तविक विकास र परिवर्तन आफ्नो पार्टीकै नेतृत्वमा भएको दाबी गर्नु भयो। उहाँले दार्जिलिङ क्षेत्रमा पूर्वाधार विकास, जनसेवा तथा विभिन्न क्षेत्रमा सकारात्मक सुधार भएको बताउनु भयो। उहाँले जनताले भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा पार्टीको विचारधारालाई स्वीकार गरिसकेको बताउँदै यसपटक आफ्नो जितको सम्भावना अत्यन्त उच्च रहेको विश्वास व्यक्त गर्नु भयो।

**मयनागुड़ी एसआइआर विरोध प्रदर्शन**

जल्पाईगुड़ी जिल्लाको मयनागुड़ीमा आगामी विधानसभा चुनाउपूर्व भोटर लिस्टबाट नाम हटाइएको मामिलामा त्यहाँका मानिसहरूले विरोध प्रदर्शन गरेका छन्। आज बिहान डोमोहनी-1 र डोमोहनी-2 ग्राम पञ्चायतका सयकड़ौं मतदाताहरू मयनागुड़ीदेखि मालबजार तर्फ जाने नेशनल हाइवे अवरूद्ध गरी विरोध प्रदर्शन गरे। प्रदर्शनकारीहरूको आरोप छ कि दुवै पञ्चायत क्षेत्रका हजारौं मानिसहरूको नाम भोटर लिस्टबाट अवैध रूपमा हटाइएको छ। आफ्नो लोकतान्त्रिक अधिकारहरूको रक्षा तथा नामहरूलाई तुरून्तै पुनः सूचीमा सामेल गर्नुपर्ने मागलाई लिएर ग्रामका मानिसहरूले विरोध प्रदर्शन गरे। यस प्रदर्शनको कारणले राष्ट्रिय राजमार्गमा लामो ट्राफिक जाम भयो जसले गर्दा मानिसहरूलाई विविध समस्याको सामना गर्न पर्यो। घटना बारे जानकारी

पाउनसाथ मयनागुड़ी थाना प्रभारी सुबल घोषको नेतृत्वमा भारी मात्रामा पुलिस बल र केन्द्रिय बल घटनास्थलमा पुग्यो। पुलिसले प्रदर्शनकारीहरूसित बातचित गरी स्थितिलाई नियन्त्रण गर्ने चेष्टा गऱ्यो, तर ग्रामीणहरू आफ्नो मागमा अडिग बसे। प्रदर्शनकारीहरूले स्पष्ट चेताउनी दिएका छन्, जबसम्म उनीहरूको माग पूरा हुँदैन तबसम्म उनीहरूको धरना प्रदर्शन जारी रहनेछ।

**बंगलादेशी नागरिक पक्राउ**

पश्चिम बंगाल विधानसभा चुनाउअघि रेलवे प्रोटेक्शन फोर्स (आरपीएफ) ले ठूलो सफलता हासिल गरेको छ। जलपाइगुढ़ी रोड स्टेशनमा कामाख्या-आनन्द विहार नर्थ ईस्ट एक्सप्रेसमा हुज राति अभियान सञ्चालन गरी १४ जना बंगलादेशी नागरिकलाई पक्राउ गरिएको छ। पक्राउ पर्नेहरूमा महिला र बालबालिका पनि सामेल छन्। आरपीएफ स्रोतका अनुसार, गोप्य सूचनाका आधारमा पहिलेदेखि नै निगरानी राखिएको थियो। रेल स्टेशनमा पुग्नेबित्तिकै सामान्य डिब्बामा तलासी अभियान सञ्चालन गरियो। यस क्रममा १४ जना शंकास्पद व्यक्तिहरूको पहिचान गरी उनीहरूलाई रेलबाट झारेर नियन्त्रणमा लिएको थियो। खोजीको क्रममा उनीहरूबाट आधार कार्ड र प्यान कार्ड साथै मलेसियाको मुद्रा र मोबाइल फोन पनि बरामद गरिएको छ। आधार कार्ड नम्बरहरूको जाँच गर्दा ती सबै नक्कली रहेको पुष्टि भएको छ।

**पेट्रोकेमिकलमा सरकारी सीमा शुल्क**

पश्चिम एसियामा द्वन्द्व र विश्वव्यापी कच्चा तेल आपूर्तिमा आएको अवरोधका बीचमा, सरकारले महत्वपूर्ण पेट्रोकेमिकल उत्पादनहरूको लागि ३० जुन सम्म सीमा शुल्कमा छुट दिएको छ।

**पश्चिम बंगाल – अधिसूचना**

पश्चिम बंगाल विधानसभा चुनावको दोस्रो चरणको अधिसूचना आज जारी गरिएको छ। यस चरणमा, २९ अप्रेल मा १४२ विधानसभा निर्वाचन क्षेत्रमा मतदान हुनेछ। यससँगै, यस चरणको लागि मनोनयन दर्ता गर्ने प्रक्रिया सुरु हुनेछ। उम्मेदवारहरूले ९ अप्रेल सम्म आफ्नो मनोनयन पत्र दर्ता गर्न सक्नेछन्। भोलिपल्ट मनोनयन पत्रहरूको छानबिन गरिनेछ र १३ अप्रेल सम्म मनोनयन फिर्ता लिन सकिनेछ। यसैबीच, चुनावको पहिलो चरणको लागि मनोनयन दर्ता गर्ने प्रक्रिया हाल चलिरहेको छ। अप्रिल ६ सम्म मनोनयन दर्ता गर्न सकिनेछ। पहिलो चरणको लागि मतदान २३ अप्रेल मा हुनेछ।

**मुख्यमन्त्री संदेश**

मुख्यमन्त्री ममता ब्यानर्जीले सामाजिक सञ्जालमा संदेशहरू जारी गर्नु हुँदै हनुमान जयन्तीको अवसरमा देशका मानिसहरुलाई शुभकामना व्यक्त गर्नु भयो। यसको साथै, उहाँले अझै अर्को संदेश जारी गर्नु हुँदै प्रख्यात शास्त्रीय गायक उस्ताद बडे गुलाम अली खानलाई उहाँको जन्मजयन्तीमा श्रद्धाञ्जली अर्पण गर्नु भयो।

**ममता ब्यानर्जी नामांकन**

भवानीपुर विधानसभा

**मुख्यमन्त्री ममता बनर्जी**

तृणमूल कांग्रेस प्रमुख

**भागोप्रोमो नामांकन**

खरसाङ विधानसभा समष्टिको

**अनित थापा**

जी टी ए प्रमुख कार्यपाल

**कालेबुङ भागोप्रोमो नामांकन**

कालेबुङ जिल्ला भारतीय